# स्थानीय राजपत्र

रुवी भ्याली गाउँपालिकाद्वारा प्रकाशित

बर्ष ७) धादिङ, बागमती प्रदेश, नेपाल २१ असार, २०८० साल ( संख्या:२)

**भाग-१**

रुवी भ्याली गाउँपालिककाको गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## रुवी भ्याली गाउँपालिकाको विनियोजन ऐन, २०८०

**प्रस्तावना:**

रुवी भ्याली गाउँपालिकाको आर्थिक बर्ष २०८०।०८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केहि रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले नेपालको

बर्ष ७) धादिङ, बागमती प्रदेश, नेपाल २१ असार, २०८० साल ( संख्या:२)

संविधान ,२०७२ को धारा २२९ को उपधारा (२) बमोजिम रुवी भ्याली गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "रुवी भ्याली गाउँपालिकाको विनियोजन ऐन, २०८० रहेको छ।(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. आर्थक बर्ष २०८०।०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः(१) आर्थिक बर्ष २०८०।०८१ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका लागि अनुसूची (१) मा उल्लेखित चालू खर्च, पूँजीगत खर्च र वित्तीय व्यबस्थापनको रकम समेत गरि जम्मा रकम रु.**३४,५०,००,०००/-( अक्षरुपी चौतीस करोड पचास लाख मात्र )** मा नबढाइ निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ।

३. विनियोजनः (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्ने अधिकार दिइएको रकम आर्थिक बर्ष २०८०।०८१ को निमित्त रुवी भ्याली गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका लागि विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने

शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सकिनेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १०% मा नबढ्ने गरि कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यबस्थापन तर्फ विनियोजित रकम साँवा भूक्तानी र खर्च र ब्याज भूक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यबस्थापन अन्तर्गत साँवा भूक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भूक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यबस्थापनको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ।

(३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० % भन्दा बढ्ने गरि कुनै एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्नु परेमा गाउँ सभाको स्वीकृती लिनु पर्नेछ।

बर्ष ७) धादिङ, बागमती प्रदेश, नेपाल २१ असार, २०८० साल ( संख्या: २)

## अनुसूची-१

### (दफा (२) संग सम्बन्धित )

### नेपालको संविधानको धारा २२९ (२) बमोजिम संचित कोषबाट विनियोजन हुने रकम।

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | जम्मा |
|---|---|---|---|---|---|
| १ | | गाउँ कार्यपालिका | १०,९१७,४२,०००/- | ६,५६,००,०००/- | १७,५३,४२,०००/- |
| २ | | नेपाल सरकार | ९,६६,००,०००/- | ३,४३,००,०००/- | १३,०९,००,०००/- |
| ३ | | प्रदेश सरकार | ६२,५८,०००/- | ३,२५,००,०००/- | ३,८७,५८,०००/- |
| ४ | | वित्तीय व्यबस्थापन | ००/- | ००/- | ००/- |
| कुल जम्मा | | | | | ३४,५०,००,०००/- |

# आ.व. २०८०।०८१ को बार्षिक योजना, कार्यक्रम तथा बजेट
## क्षेत्रगत व्यय अनुमान
## अनुसूची-२

आ.व. २०८०।०८१

रकम रु. हजारमा

| सि. नं. | शीर्षक | आ.व. ०८०।०८१ को अनुमान | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जनसहभागिता | बैदेशिक |
| | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | | |
| १ | कार्यालय संचालन तथा | ७,७२,५०,०००/- | ७,७२,५०,०००/- | ००/- | ००- | - | | - | - |
| २ | आर्थिक विकास | ३,४१,३८,०००/- | १,६३,५०,०००/- | ५०,८८,०००/- | १,२५,००,०००/- | - | | | |
| ३ | पूर्वाधार विकास | ६,८२,००,०००/- | ३४०००००/- | १,५८,००,०००/- | १,०८,००,०००/- | - | - | - | - |
| ४ | सामाजिक विकास | १५,१३,००,०००/- | ३,४३,९२,०००/- | १०,९१,१२,०००/- | ७७,९६,०००/- | - | - | - | - |
| ५ | सुशासन तथा अन्तर सम्बन्धित | १,३३,१२,०००/- | १,१९,५०,०००/- | ९,००,०००/- | ४,६२,०००/- | - | - | - | - |
| कुल जम्मा | | ३४,५०,००,०००/- | | | | | | | |

बर्ष ७) धादिङ, बागमती प्रदेश, नेपाल २१ असार, २०८० साल ( संख्या:२)

**आज्ञाले**

**नविन कुमार गोले**

**प्रमुख प्रशासकिय अधिकृत**

**प्रमाणिकरण मिति : २०८० साल असार १५ गते**